<u>मिति २०७५।६।५ को निर्णय</u>

१) इलाम न.पा. अन्तर्गत २०७५ भाद्र महिना भित्रमा लगानी सम्मेलन आयोजना गर्ने निर्णय भएकोमा सोको लागि तयारी नपुगेको हुनाले उक्त सम्मेलन उपयुक्त समयमा आयोजना गर्ने निर्णय गरियो ।

२) इलाम न.पा. अन्तर्गत नगर प्रहरी गठन, सञ्चालन र व्यवस्थापन ऐन, दमकल सञ्चालन तथा व्यवस्थापन ऐन र सूचनाको हकसम्बन्धी कार्यविधि तयार गर्नु आवश्यक भएकोले सोको मस्यौदाका लागि प्रमुख श्री महेश बस्नेतज्यूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

३) इलाम नगरपालिका वार्ड नं. ७ अन्तर्गत आदर्श मा.वि. इलामको नाममा रहेको साविकको कन्या स्कुल रहेको जग्गामा हाल विद्यालय सञ्चालन नभएको, सो जग्गा वरिपरिबाट अतिक्रमित भइरहेको सन्दर्भमा उक्त स्थानमा फन पार्क निर्माणका लागि विस्तृत परियोजना प्रस्ताव बनाउने र उक्त जग्गा २० वर्षका लागि लिजमा उपलब्ध गराई सहयोग गर्न आदर्श मा.वि. मा प्रस्ताव गर्ने निर्णय गरियो ।

४) आर्थिक प्रशासन शाखाको मिति २०७५।५।९ को नगर कार्यपालिकाका पदाधिकारीहरु र वडा सदस्यको सुविधा सम्बन्धी टिप्पणी अनुसार प्रदेश सरकारबाट जारी भएको गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा १ सँग सम्बन्धित अनुसूची १(ख), अनसूची २, ३ समेतका आधारमा नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरुलाई मिति २०७५।४।१ देखि उपलब्ध गराइएको सेवा सुविधा अनुमोदन गर्ने निर्णय गरियो ।

५) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखाको च.नं. २२ मिति २०७५।५।१५ को पत्र र सो पत्रसाथ प्राप्त राष्ट्रिय मानव अधिकार आयोग ललितपुरको च.नं. ४६७ मिति २०७५।४।२३ को सिफारिस समेतको आधारमा नगरपालिकाको स्रोत साधनले भ्याएसम्म अपाङ्गमैत्री कार्यक्रम कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

६) मिति २०७५।५।२४ देखि २०७५।६।४ सम्म सञ्चालित "जनतासँग मेयर" कार्यक्रमको प्रतिवेदन आजको बैठकमा पेश भई छलफल हुँदा सो कार्यक्रमबाट प्राप्त गुनासा तथा सुझावहरुलाई कार्यान्वयन तथा समाधान गर्दै लैजान सो प्रतिवेदनको पुस्तिका सबै वडा कार्यालयहरुमा पठाउने र मिति २०७५।५।५ को निर्णयानुसार कार्यपालिका सदस्य श्री ठाकुरनारायण श्रेष्ठको अध्यक्षतामा गठित सम्पत्तिकर, मालपोत र व्यवसाय करको समीक्षा समितिको सदस्य सचिवमा प्रशासकीय अधिकृत श्री रामकुमार शाहलाई थप गरी उल्लिखित समितिले जनतासँग मेयर कार्यक्रमको प्रतिवेदनले सिफारिस गरेका बुँदाहरु कार्यान्वयनका लागि संश्लेषण समेत गरी प्रतिवेदन पेश गर्ने साथै उक्त समितिको कार्यावधि थप १ महिना बढाउने निर्णय गरियो ।

७) इलाम अस्पतालको च.नं. ७४ मिति २०७५।५।१९ को डेन्टल सर्जन असाधारण बिदामा बसेकोले सेवा प्रवाह प्रभावित भएको हुँदा करारमा डेन्टल सर्जनको व्यवस्थापन सम्बन्धी पत्र तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १६११ मिति २०७५।६।२ को पत्रानुसार इलाम अस्पतालबाट प्रवाह हुने दन्तसम्बन्धी सेवा सुविधालाई निरन्तरता दिनका लागि इलाम नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७५ बमोजिम इलाम अस्पतालको लागि दन्त चिकित्सक १ जना करार सेवामा राख्न र आयुर्वेद औषधालयमा १ जना का.स. करारमा राख्नका लागि मिति २०७५।६।२ मा सूचना प्रकाशन भएकोमा सो अनुमोदन गर्दै उक्त पदको तलवभत्ता सशर्त अनुदानबाट अपुग हुन गएमा आन्तरिक स्रोतबाट व्यहोर्ने निर्णय गरियो ।

८) कोष तथा लेखा नियन्त्रक कार्यालय इलामको च.नं. १३३ मिति २०७५।६।२ को पत्रसाथ प्राप्त इलाम नगरपालिकाको आ.ब. २०७४।०७५ को आ.ले.प. प्रतिवेदन र प्रशासकीय अधिकृत श्री रामकुमार शाह समेतको मिति २०७५।५।७ को आ.ब. २०७४।०७५ को जिन्सी प्रतिवेदन बैठकमा जानकारी भई सो प्रतिवेदनको सिफारिस अनुसार कार्यवाही अगाडि बढाउने निर्णय गरियो ।

९) इलाम नगरपालिकाको आ.ब. २०७५।०७६ को गाईपालन व्यवसायमा अनुदान कार्यक्रमका लागि वडाबाट प्राप्त सिफारिस अनुसार निम्नानुसार गाईपालक कृषकहरुको नाम स्वीकृत गरी अनुदान निकासा गर्ने निर्णय गरियो ।

<u>वार्ड नं. १</u> –

श्री ताराबिर गुरुङ्ग, श्री खड्गबहादुर गुरुङ्ग, श्री अस्मिता राई, श्री गर्जबहादुर कटुवाल, श्री चन्द्रबहादुर थापा, श्री ध्वजबहादुर राई

वार्ड नं. २ –

श्री मानबहादुर सुनुवार, श्री बुद्धबिर तामा, श्री नेत्रकला दियाली, श्री उमा दियाली, श्री कृष्ण खतिवडा, श्री देउबहादुर राई

वार्ड नं. ३ –

श्री थिरकुमार राई, श्री चित्र खत्री, श्री बिमला राई, श्री याम सुनुवार, श्री होमबहादुर खड्का, श्री प्रेम गुरुङ्ग

वार्ड नं. ४ –

श्री मनिबहादुर कामी, श्री शब्दबहादुर मुखिया, श्री यादवबहादुर कार्की, श्री धनमाया काफ्ले, श्री गिताचार्य दुलाल, श्री खेविन्द्र गुरुङ्ग

वार्ड नं. ५ –

(वार्ड कार्यालयबाट प्राप्त नामावली अनुसार गर्ने)

वार्ड नं. ६ –

श्री दिलकुमार राई, श्री होमबहादुर लिम्बु, श्री कृष्णबहादुर लिम्बु, श्री चन्द्रकला थापा मैनाली, श्री दलबहादुर गुरुङ्ग, श्री सुनिता खड्का

वार्ड नं. ८ –

श्री टंकमाया खाम्दाक, श्री कविन्द्रप्रसाद ओझा, श्री मनकुमार तामाङ्ग, श्री बुद्धिराज गुरुङ्ग, श्री मुक्तिमाया सुवेदी, श्री खम्वबहादुर रिमाल

वार्ड नं. ९ –

श्री दानबहादुर बस्नेत, श्री राजकुमार खुलाल, श्री सर्वजित बस्नेत, श्री पविमाया ढुंगाना, श्री डिगबहादुर कार्की, श्री नरबहादुर पाखिन

वार्ड नं. १० –

श्री मोहन अधिकारी, श्री प्रेमबहादुर कामी, श्री लिलावती पौडेल, श्री रामकुमार ढकाल, श्री रुद्रप्रसाद गौतम, श्री बिमल फुयल

वार्ड नं. १२ –

श्री पक्सुकी योङहाङ्ग, श्री देशमान एक्तेन लिम्बु, श्री सुसिल पाण्डे, श्री भानुभक्त दुलाल, श्री डिकबहादुर फेजुङ्ग लिम्बु, श्री लक्षुमाया लिम्बु

१०) इलाम नगरपालिकाअन्तर्गत निम्नानुसारको ५ वटा सडक सुधारका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको हुदा सो प्रतिवेदन स्वीकृत गर्दै उल्लिखित सडक परियोजना कार्यान्वयनमा आवश्यक सहयोगको लागि नेपाल सरकार र प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

निम्न :

- बरबोटे रिब्स सुम्बेक सन्दकपुर सडक
- रत्नचोक इन्टेक साङ्गरुम्वा सडक
- मिलगोलाइ विणापानी सडक
- तिल्केनी बज्रदेवी सडक
- भन्ज्याङ्ग भाङ्गटार बेलासे सडक

११) इलाम नगरपालिकाअन्तर्गत नगर यातायात गुरुयोजना, नगरको वस्तुगत विवरण र भूउपयोग योजना तयार भइसकेको हुँदा सोको आधारमा आगामी वर्ष आवधिक योजना बनाउने कार्य सम्पन्न गर्ने र नगर यातायात गुरुयोजनामा उल्लिखित सडकहरुको नाम परिमार्जन तथा वर्गीकरणका लागि वडा वडामा पठाई वडा कार्यालयको सिफारिस अनुसार अन्तिम रुप दिई लागू गर्ने साथै नेपाल सरकार तथा प्रदेश सरकारले सडकको मापदण्ड तयार गरी लागू गरेमा सो अनुसार नै हुने गरी हाललाई यस नगर क्षेत्रका सडकहरुलाई निम्नानुसार वर्गीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निम्न :

- क वर्गका सडक सेटब्याकसहित १५ मिटर

- ख वर्गका सडक सेटब्याकसहित ११ मिटर
- ग वर्गका सडक सेटब्याकसहित ९ मिटर
- घ वर्गका सडक सेटब्याकसहित ७ मिटर

१२) इलाम नगरपालिकाको आ. ब. २०७५।०७६ को योजना किताव अनुसार ब्लकमा रहेका बजेट कार्यान्वयनका लागि कार्यक्रम तयार भइरहेको हुँदा सो कार्यक्रमहरु शीघ्र तयार गरी नगर प्रमुखज्यूको निर्णयानुसार कार्यान्वयन निर्णय गरियो ।

१३) इलाम नगरपालिकाका जनप्रतिनिधि एवम् सम्बद्ध कर्मचारीहरुलाई नयाँ मुलुकी संहिताका बारेमा अभिमुखीकरण गर्नु आवश्यक रहेको हुनाले समय मिलाई सो अभिमुखीकरण कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो ।

१४) इलाम नगरपालिकाअन्तर्गत नक्सापास प्रयोजनका लागि नक्सा निर्माण गर्ने कार्य इलाम न.पा. का प्राविधिकहरुबाट सम्पन्न हुने व्यवस्था मिलाई तोकिएको राजश्व बाहेक प्राविधिक पारिश्रमिकको सो नक्सा निर्माण वापतको शुल्कबाट प्राप्त रकममध्ये ६० प्रतिशत सम्बन्धित प्राविधिकले राखी बाँकी रहन आउने ४० प्रतिशत रकम यस कार्यालयमा जम्मा हुने व्यवस्था मिलाई सर्वसाधारणलाई सहज र सुलभ ढङ्गले नक्सा निर्माणको सुविधा उपलब्ध गराउने र नक्सा निर्माण वापतको दररेट कार्यालयबाटै निर्धारण गरी लागू गर्ने गराउने निर्णय गरियो ।

१५) इलाम नगर क्षेत्रमा रहेका धार्मिक मठमन्दिर, गुम्वा, चर्च, मस्जिदहरुको अभिलेख राखी नियमन गर्नु आवश्यक रहेको हुनाले २०७५ पौष भित्रमा नगर क्षेत्रका मठमन्दिर, गुम्वा, चर्च र मस्जिदहरुबाट वडाको सिफारिससहित आवेदन लिई नगर कार्यपालिकाको कार्यालयमा सूचीकृत गरी दर्ताको प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।

१६) गीतकार संघ नेपाल काठमाण्डौको च.नं. २७ मिति २०७५।५।३१ को पत्रानुसार मिति २०७५।६।११ र १२ गतेका दिन इलाममा गीत शिविर आयोजना हुने भएको हुनाले सो शिबिरमा “इलामे सहर चियाबारी राम्रो त्यही पर्‍यो घर हाम्रो” गीतका सर्जक श्री गंगाराम मुकारुङ्गलाई नगरपालिकाको तर्फका सम्मान गर्ने निर्णय गरियो ।

१७) इलाम नगरपालिकाअन्तर्गत इलाम नगरपालिका वार्ड नं. ३, ४ र ११ को वडा कार्यालय भवन निर्माणका लागि ठेक्का बन्दोबस्त भएकोमा हालसम्म कुनै प्रगति नदेखिएको हुँदा सम्बन्धित निर्माण व्यवसायी आर एन कन्स्ट्रक्सनलाई मूल्य पुनरावलोकन नहुने र संझौता अवधि समेत थप नहुने गरी निर्धारित अवधिमा काम सम्पन्न गर्न सचेत गराई निर्देशन दिने, निर्देशन अनुसार नभएमा कालोसूचीमा राख्न कारवाही अगाडि बढाउने समेत निर्णय गरियो ।

१८) इलाम नगरपालिकाअन्तर्गत रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको तलव भत्ता व्यवस्थापन कार्यलाई छिटोछरितो र सहज गर्नका लागि चौमासिक रुपमा सम्बन्धित शिक्षकहरुको तलवभत्ता निजहरुको व्यक्तिगत बैक खातामा जम्मा गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

१९) इलाम नगरपालिका, स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ मा निम्नानुसार संशोधन गर्न आवश्यक भएकोले सो संशोधन गर्ने निर्णय गरियो ।

| **हाल भएको** | **संशोधन वा थप गर्नु पर्ने** | **कारण** |
|---|---|---|
| दफा १८ को (५) : यो कार्यविधि स्वीकृत हुँदाको समयमा कार्यरत स्वास्थ्य स्वयम्सेविकाहरु मध्ये ६० वर्ष पुगी उमेर हद लागी अवकाश भएपछि वा अन्य कुनै कारणले पद रिक्त भएमा अर्को व्यवस्था नभएसम्मका लागि रिक्त स्वयम्सेविका पदमा पदपूर्ति गरिने छैन । | दफा १८ को (५) : यो कार्यविधि स्वीकृत हुँदाको समयमा कार्यरत स्वास्थ्य स्वयम्सेविकाहरु मध्ये ६० वर्ष पुगी उमेर हद लागी अवकाश भएपछि वा अन्य कुनै कारणले पद रिक्त भएमा अर्को व्यवस्था नभएसम्मका लागि आवश्यकतानुसार प्रतिस्पर्धात्मक ढङ्गले पदपूर्ति गरी व्यवस्थापन गरिनेछ । | महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सेवा प्रवाहलाई अझ प्रभावकारी गरी सो सेवालाई निरन्तरता दिई महिला, बालबालिका र जेष्ठ नागरिकलाई सुविधा उपलब्ध गराउनु पर्ने । |

२०) वडा वडामा सम्पन्न “जनतासँग मेयर” कार्यक्रममा गाई भैंसी र बाखाहरुलाई कृत्रिम गर्भाधान गराउँदा पशु प्राविधिकहरुले रु १५००।०० लिने गरेको गुनासो आएको सन्दर्भमा सो जथाभावी रकम असुल्ने कार्यलाई तत्कालै नियन्त्रण गरी पशु प्राविधिकहरुलाई प्रभावकारी ढङ्गले घरदैलोमा सेवा प्रवाहको लागि परिचालन गर्ने एवम् इलाम नगरमा निजी क्षेत्रबाट कार्यरत पशु प्राविधिकहरुलाई समेत नगरपालिकामा सूचीकृत गराई व्यवसाय दर्ता गराएर मात्र सेवा सुविधा प्रवाह गर्न सूचना प्रवाह गर्ने साथै पशुमा कृत्रिम गर्भाधानको लागि घरदैलो सेवा उपलब्ध गराउँदा सो वापतको दररेट न.पा. बाट तोकि दिने समेत निर्णय गरियो ।

२१) इलाम नगरपालिका र नेपाल पत्रकार महासंघ इलाम बीच इलाम नगरपालिकाको चौमासिक रूपमा बुलेटिन प्रकाशन गर्ने कार्यको लागि मिति २०७१।८।१६ मा सम्झौता भई कार्यान्वयन भइरहेकोमा विविध कारणबस सो संझौता नवीकरण हुन नसकी प्रकाशनको कार्य रोकिएकोमा सो सम्झौतालाई निरन्तरता दिदै पुनः वार्षिक रु १,५०,०००।०० उपलब्ध गराउने शर्तमा नयाँ संझौता गरी प्रकाशन कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

२२) इलाम नगरपालिकाको आ.ब. २०७५।०७६ अन्तर्गत २०७५ भाद्र महिनासम्मको आय रु ११,७३,४२,९२५।६२ र व्यय रु ३,९३,५२,३२९।०२ भएको जानकारी भयो ।